गोलन्जोर गाउँपालिका
Golanjor Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

०४७-६९२०२५
०४७-६९१९३२
ग्वाल्टार, सिन्धुली
Gwaltar, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati province, Nepal

प.सं.-०७८।०७९
च.नं २४६

## "कृषि तथा पशु वस्तु उत्पादन र बजारीकरण परियोजना" युवा लक्षित कार्यक्रमका लागि आवेदन माग सम्बन्धी सुचना ।

प्रथम पटक प्रकाशित मितिः २०७८/०५/२२

गोलन्जोर गाँउपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग र "सिन्धुली एकृकित विकास सेवा समाज (सिन्डस्), सिन्धुलीको सहजीकरणमा संचालित "कृषि तथा पशु उत्पादन र बजारीकरण परियोजना" को मुख्य लक्ष्य लक्षित परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जीविकोपार्जन सुधार गर्नु रहेको छ । यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध लाभग्राहीहरूलाई स्वावलम्वी महिला समूहहरू, युवा समुहहरू तथा सहकारीमा आवद्ध गरी सामाजिक पूँजीको अभिवृद्धि गर्नु, सुधारिएको बाखा, बंगुर तथा तरकारी व्यवस्थापन, खाद्यान्न बाली (धान र गहुँ) को बीऊ उत्पादन र अन्य सम्भावित क्षेत्रहरूमा उन्नत प्रविधिहरूको अनुसरणबाट उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्नु र विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको छ । यसै अर्न्तगत सञ्चालन गरिने युवा लक्षित कार्यक्रमका लागि कृषि तथा पशुपंक्षीसंग सम्वन्धित व्यवसाय गरिरहेका वा गर्ने योजना बनाएका गोलन्जोर गाँउपालिकाका युवाहरूबाट आवेदनका लागि यो सुचना प्रकाशित गरिएका मितिबाट १५ दिन भित्र दरखास्त दिनु हुन सार्वजनिक जानकारीको लागि अनुरोध गरिन्छ ।

**आवेदन पेश गर्नका लागि पूरा गर्नुपर्ने न्युनतम मापदण्डहरू:**

- कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजनामा रहेका १८-४० वर्ष उमेर समुहका युवाहरू (महिला, पुरुष वा अन्य)
- गोलन्जोर गाँउपालिका भित्र स्थाई बसोबास भएका नेपाली नागरिक
- मुख्य पेशाको रुपमा कृषि र पशुपंक्षीपालन वा सो सम्बन्धी व्यवसाय गरिराखेका
- समुहमा आवद्ध भई काम गर्न इच्छुक
- नवीनतम् कृषि वस्तु उत्पादन सम्बन्धी व्यवसाय, बैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेकालाई विशेष प्राथमिकता दिईने छ ।
- व्यवसाय संचालन गरि विस्तारको लागि पुँजी अभाव भएका युवाहरु ।
- उल्लेखित विवरण पूरा गरेका युवा व्यवसायीहरूलाई आवेदन पेश गर्न अनुरोध गरिन्छ ।
- आवेदन दिएका मद्ये उपयुक्त र न्यूनतम मापढण्ड पूरा गरेकालाई प्रारम्भिक छलफलका लागि सम्पर्क गरिनेछ
- व्यवसाय दर्ता प्रमाण पत्र तथा प्यान विवरण
- तालिम भएमा सो को प्रमाण पत्र (अनिवार्य नभएको)

(प्रेम बहादुर श्रेष्ठ)
प्र. प्रशासकिय अधिकृत

# गोलन्जोर गाउँपालिका
# Golanjor Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

☎ ०४७-६९२०२५, ०४७-६९१९३२
ग्वाल्टार, सिन्धुली
Gwaltar, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati province, Nepal


प.सं. ०७८।०७९
च.नं. - २२६

**आवेदन पेश गर्ने अन्तिम मिति:** २०७८/०६/०५

**आवेदन पेशगर्ने स्थान:** कृषि तथा पशु उत्पादन र बजारीकरण परियोजना कार्यालय ग्वालटार, गोलन्जोर

सम्पर्क व्यक्तिः शिवहरि पौडेल

पदः युवा सहजकर्ता

फोन नः ९८१४८५७८८५,९८४४२००६७८

## आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू

१ निवेदन  २ आवेदन फारम  ३ नागरिकताको प्रतिलिपी  ४ फोटो
५ सम्बन्धित वडा कार्यालयको सिफारि  ६ व्यवसाय दर्ता प्रमाण पत्र र कर सम्बन्धि कागजात

नोटः मापदण्ड पुरा भई छनौटमा परेका उम्मेदवारलाई मात्र कार्यक्रममा समावेश गरिनेछ। साथै दरखास्त फारम नमुना यसै साथ संलग्न राखिएको समेत जानकारी गराईन्छ।

| | | |
|---|---|---|
| शिवहरि पौडेल | तिर्थ कुमार भण्डारी | प्रेम बहादुर श्रेष्ठ |
| (युवा सहजकर्ता) | (कार्यक्रम सम्पर्क व्यक्ति) | प्र. प्र. अ. |

प्रेम बहादुर श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत